


# नेपालको चौर्यतन्त्रीय सञ्जाल

## भ्रष्टाचार र दण्डहीनताको नक्साङ्कन





**नेपालमा विद्यमान भ्रष्टाचार**को शृङ्खला एक अर्कासँग पृथक र व्यक्तिमा सीमित कार्यहरू मात्र होइनन् । यहाँ त सार्वजनिक (सरकारी), निजी र आपराधिक क्षेत्रका विभिन्न सरोकारवालाहरू जनताको धन हत्याउन र दण्डहीनतालाई मलजल गर्न संगठित भएर काम गर्छन् ।

यस चौर्यतन्त्रीय संजालका गठबन्धनहरूमा फेरबदल भइरहन्छ । यस्तो गठबन्धन विभिन्न सरोकारवाला समूहहरूको बीचमा बनिरहन्छ र यस्ता समूहहरू दलालको रुपमा काम गर्ने विभिन्न शक्तिशाली व्यवसायीमार्फत जोडिएका हुन्छन् ।

यो सञ्जाल उर्ध्वगामी (Vertical) स्वरुपमा संगठित रहेको हुन्छ । धनको प्रवाह क्रमशः तलबाट माथितिर हुन्छ भने दण्डहिनता र लाभको प्रवाह माथिबाट तलतिर हुन्छ ।

समाजका विभिन्न क्षेत्रसँगको बलियो समतलीय (Horizontal) सम्पर्ककै कारणले यो सञ्जाल राज्यका महत्वपूर्ण आम्दानीका स्रोतहरूमा कब्जा जमाउन, राज्य संयन्त्रकै प्रयोगबाट गैरकानूनी धनको सञ्चालनलाई सहज बनाउन तथा त्यसलाई देशबाहिर लैजान र सञ्जालभित्रका सदस्यहरूलाई संरक्षण दिन सक्ने भएको छ ।

# पात्रहरु
# ACTORS



# कर्तुतहरु | ACTIONS

यस रेखाचित्रले नेपालको चौर्यतन्त्रीय सञ्जालको वर्णन गर्दछ र विभिन्न सरकारी, निजी, राजनीतिक र आपराधिक क्षेत्रका पात्रहरूबीचको सम्बन्धलाई प्रस्तुत गर्दछ । यी पात्रहरूले निर्वाह गर्ने विविध किसिमका र परिपूरक भूमिकाहरूलाई तीन प्रकारको कर्तुतको रुपमा चित्राङ्कन गरिएको छः–


**नियुक्ति (Placement):** यसमा सञ्जालले आफ्ना सदस्यहरूलाई कसरी मुख्य संस्थाहरूमा नियुक्त गर्दछ र आफ्नो नियन्त्रणमा राख्दछ भन्ने कुरालाई समेटिन्छ ।

**वित्तीय प्रवाह (Flow of Finances):** यसले धनको स्रोतलाई कसरी कब्जामा लिइन्छ र कसरी सञ्जालभित्र परिचालन गरिन्छ भन्ने देखाउँछ ।

**दण्डहीनता (Impunity):** यसले सञ्जालका सदस्यहरूलाई तिनको उत्तरदायित्वबाट उम्कने र कानूनी कारवाही छल्न सक्ने गरी कसरी संरक्षण दिइन्छ भन्ने कुरालाई प्रस्तुत गर्दछ ।

चित्रलाई व्याख्यात्मक पाठसँगै पढ्न सकिने गरी बनाइएको छ । हरेक 'कर्तुत' सँगै दिइएको अङ्कले पाठकलाई सो 'कर्तुत'सँग सम्बन्धित विषयवस्तुमा पुग्न सहयोग गर्नेछ ।


# राजनीतिक नेताहरु
## POLITICAL LEADERS



# राजनीतिक नेताहरु


*नेपालमा राजनीतिक वृत्तका व्यक्तिहरु नै उर्ध्वगामी रुपमा संगठित चौर्यतन्त्रीय सञ्जालका प्रमुख संरक्षणकर्ता भएर रहेका छन् ।*

*पछिल्लो दशकमा आएर शासन संयन्त्रमा भ्रष्टाचार यसरी व्याप्त भएको छ कि प्रमुख राजनीतिक नेताहरू र राज्य संयन्त्रको तल्लो तप्काको बीचमा एउटा स्वस्फुर्त सम्बन्ध स्थापित हुन गएको देखिन्छ । कुनै समयमा तल्लो तप्काका अधिकारीले व्यक्तिगत रुपमा एक्लाएक्लै लिने घूसको परिपाटी अहिले संरचनाको माथिल्लो तहसम्म बाँडचुँड गर्नुपर्ने गरी चौर्यतन्त्रीय जालोमा गाभिन गएको छ ।*





राजनीतिक दबाबमा पारेर र कर्मचारीको नियुक्तिमा हस्तक्षेप गरेर नेताहरूले राज्यसंयन्त्रका विभिन्न निकायहरूमा सञ्जालका सदस्यहरूको नियुक्तिलाई सुनिश्चित गर्दछन् (सन्दर्भः पृष्ठ १५ को १३ तथा पृष्ठ १७ को १६ मा हेर्न सकिन्छ) ।

परिणामस्वरुप राज्यका प्रमुख कानूनी संयन्त्रहरूलाई अस्त्रको रुपमा प्रयोग गर्ने (जसमा सञ्जालका सदस्यहरूलाई प्रत्यक्षतः भ्रष्टाचारको लागि खटाइएको हुन्छ) र त्यस्ता संयन्त्रहरूलाई खोक्रो बनाउने (असक्षम वा अयोग्य व्यक्तिलाई नियुक्त गरी निकायको प्रभावकारी कार्यसम्पादनलाई कुण्ठित तुल्याउने) प्रवृत्ति देखा परिरहेको छ (सन्दर्भः पृष्ठ ९ को ६ मा हेर्न सकिन्छ) ।





जननिर्वाचित अधिकारी वा कार्यालयमार्फत नेताहरूले सम्बन्धित सरकारी मन्त्रालय, विभाग तथा राज्यका अन्य संयन्त्रमाथि निगरानी राख्दछन् । उनीहरूको प्रभावले गर्दा यस्ता सार्वजनिक निकायहरू स्वतन्त्र र विधिसम्मत रुपमा काम गर्न नसक्ने गरी कमजोर र विकृत हुन पुगेका छन् । आफ्नो नेतृत्वको उपयोग गर्दै नेताहरूले सञ्जालका भ्रष्ट कार्यकर्तालाई संरक्षण दिई दण्डहीनतालाई प्रश्रय दिने गरेका छन् (सन्दर्भः पृष्ठ ९ को ७ र पृष्ठ १७ को १७ मा हेर्न सकिन्छ) ।




राजनीतिक लेनदेन (Clientelism) को आधारमा राजनीतिक नेताहरूले आफ्नो प्रभुत्व स्थापित गर्दछन् । विकास आयोजनाहरू वा विकास निर्माण सम्बन्धी लगानीलाई आफूखुसी आफ्नो निर्वाचन क्षेत्रतर्फ मोडेर उनीहरूले आफ्ना मतदाताहरूको समर्थन प्राप्त गर्दछन् । यसको लागि डरत्रासको प्रयोग गरेर वा स्थानीय नेताहरूलाई राजनीतिक नियुक्तिको माध्यमबाट खरिद गरेर सम्बन्धित मतदाताहरूको समर्थन जुटाउने गरिएको देखिन्छ ।

निकटतम व्यक्तिहरूको गुट निर्माण गरेर त्यसमा आबद्ध भई उनीहरूले आफ्नो दलभित्र शक्ति सञ्चय गर्दछन् । सार्वजनिक हैसियत, धन वा अन्य कुनै लाभको प्राप्ति वा दलभित्र वा राज्यको संयन्त्रमा पदोन्नति तथा आफ्नो राजनीतिक भविष्यको सुरक्षाको आशामा दलका कार्यकर्ताहरू आफ्ना नेताहरूप्रति वफादारी र समर्थन देखाउँछन् ।





राजनीतिक रुपमा उपलब्ध वित्तीय स्रोतमाथिको नियन्त्रण मार्फत नै नेताहरूले शक्ति सञ्चय गर्ने र त्यसलाई कायम राख्ने गरेको पाइन्छ । निर्वाचन खर्च निजी क्षेत्रबाट आउँछ जसबापत नेताहरू रकम उपलब्ध गराउनेलाई अनुकूल नीति निर्माणको प्रत्याभूति दिन्छन् । (सन्दर्भः पृष्ठ ७ को ५, पृष्ठ १५ को १२ र पृष्ठ १७ को १८ मा हेर्न सकिन्छ ।) बाह्य स्रोतहरूमार्फत बन्न गएका सम्पर्कको माध्यमबाट पनि नेताहरूले धन प्राप्त गर्दछन् (सन्दर्भः पृष्ठ २१ को २२ मा हेर्न सकिन्छ) ।


धेरैजसो राजनीतिक रुपमा उपलब्ध वित्तीय स्रोतको परिचालन संस्थागत निर्णयको सट्टा नेताको व्यक्तिगत लहड वा गुटगत स्वार्थको आधारमा गर्ने गरिएको छ । नेताहरू दलभित्रैका आफ्ना सम्भावित प्रतिस्पर्धीलाई शक्तिहीन बनाउन दलको वैकल्पिक आय स्रोतलाई क्षीण बनाउने कोशिश गर्छन् । यसले नेताहरूलाई दलभन्दा धेरै शक्तिशाली बनाइराख्न सघाउँछ ।

नियुक्ति Placement | वित्त प्रवाह Flow of Finances | दण्डहीनता Impunity

# राजनीतिक दलहरु

## POLITICAL PARTIES





# राजनीतिक दलहरु


*नेपालको राजनीतिक भ्रष्टाचारको केन्द्रबिन्दुमा राजनीतिक दलहरू नै रहेका छन् । भ्रष्टाचार नियन्त्रणको विषयमा बोल्ने विपक्षी राजनीतिक धार अस्तित्वमै छैन जस्तो देखिन्छ । अझ सहमतिपरक राजनीतिको आवरण भित्र लुकाइएको एकप्रकारको साँठगाँठको संस्कृतिको निर्माण हुन पुगेको छ, जसले राज्यबाट लुटिएको धनलाई राजनीतिक दल र भ्रष्टाचारका सम्वाहकहरूको बीचमा बाँडफाँड गर्ने प्रवृत्तिलाई थप प्रोत्साहित गरेको छ ।*

*नेपालको संघीयता तर्फको यात्राको एउटा लक्ष्य राजनीतिक अधिकारको हस्तान्तरण (Devolution) गरी सरकारलाई नागरिकको निकट ल्याएर राजनीतिक उत्तरदायित्व सुनिश्चित गर्नु पनि थियो । तथापि यो संरचनागत फेरबदलले भ्रष्टाचारलाई पनि मलजल गर्ने संभावना बढेको छ । गैरकानूनी रुपमा आर्जन गरिने र राजनीतिक दलहरूबाट परिचालन गरिने वित्तीय स्रोतको सञ्जालले प्रादेशिक र स्थानीय तहका नेताहरूलाई पनि बाध्न सक्ने देखिएको छ ।*





निजी क्षेत्रका लगानीकर्ता र बिचौलियाहरूसँग राजनीतिक दलहरूको महत्वपूर्ण सम्बन्ध रहेको हुन्छ । व्यापारिक समूह, प्रतिस्पर्धा विरोधी व्यापारिक गठबन्धन (Cartels), दलालहरू सबैले नीतिगत भ्रष्टाचार, सरकारी ठेक्का वा इजाजतपत्रको अनुमति, आर्थिक अपराधमा परेका व्यक्तिको संरक्षण जस्ता गैरकानूनी लाभको लागि राजनीतिक नेता र राजनीतिक दललाई पक्षपोषण गर्दछन् (सन्दर्भः पृष्ठ ५ को ४, पृष्ठ १५ को १२ र पृष्ठ १७ को १८ मा हेर्न सकिन्छ) ।

# सार्वजनिक संस्थाहरु
## PUBLIC INSTITUTIONS




# सार्वजनिक संस्थाहरु

*चौर्यतन्त्रीय सञ्जालले सर्वप्रथम सार्वजनिक संस्थाहरूमाथि कब्जा जमाउँछ । यस्तो सार्वजनिक संस्थाहरूमा सेवा प्रदायक निकाय, संघीय, प्रादेशिक र स्थानीय सरकार सञ्चालन गर्ने निकाय तथा निजी क्षेत्रलाई नियमन गर्ने निकाय पर्दछन् । धेरै जसो सार्वजनिक संस्थाहरुले जनताबाट सिधै गैरकानूनी रुपमा रकम असुल्छन् वा जनताको शोषण गर्न निजी क्षेत्रसँग सहकार्य गर्दछन् ।*





चौर्यतन्त्रीय सञ्जालका सदस्यहरूलाई रणनीतिक तवरले नियुक्त गरेर हाल दुई प्रमुख राजनीतिक दलले सार्वजनिक क्षेत्रमा कब्जा जमाएका छन् जसमा राज्यका प्रमुख कानूनी निकायहरू पर्दछन् । यी निकायहरूलाई अस्त्रको रुपमा प्रयोग गरेर वा तिनलाई खोक्रो तुल्याएर तिनको प्रभावकारितालाई कुण्ठित बनाइएको छ (सन्दर्भः पृष्ठ ५ को १, पृष्ठ १५ को १३ र पृष्ठ १७ को १६ हेर्न सकिन्छ) ।





सार्वजनिक निकायमा नियुक्त सञ्जालका सदस्यहरुले संस्थागत सुपरिवेक्षण र नियमनकारी संयन्त्रलाई कमजोर बनाएर सञ्जालका सदस्यहरूको लागि दण्डउन्मुक्तिलाई सुनिश्चित गर्दछन् ।


कैयौं उच्च पदस्थ सरकारी कर्मचारीहरुमा प्रणालीगत रुपमा हुने भ्रष्टाचारप्रति जिम्मेवारी लिन नचाहने वा उत्तरदायी हुन नचाहने र सबै कुरालाई सञ्जालको संरक्षकको रुपमा रहेका मन्त्री वा मन्त्रिपरिषद्तिर पन्छाउने प्रवृत्ति रहेको देखिन्छ । जिम्मेवारीबाट पन्छिने यो प्रवृत्तिले गर्दा दण्डहीनता मौलाएको छ (सन्दर्भः पृष्ठ ५ को २ र पृष्ठ १७ को १७ हेर्न सकिन्छ) ।




भ्रष्ट कर्मचारीतन्त्रले दुई किसिमले आम नागरिकको शोषण गर्दछ – पहिलो, सार्वजनिक सेवा प्रवाह गर्दा वा नियमनकारी काम गर्दा अवैध तरिकाले रकम असुलेर अर्थात घूस लिएर र दोस्रो, निजी क्षेत्रका पात्रहरुसँग मिलेमतो गरेर । सञ्जालकै पहलमा निजी क्षेत्रमा राज्यको नियमनकारी तथा सुपरिवेक्षणकारी भूमिकालाई कुण्ठित बनाइएको हुन्छ जसले गर्दा निजी क्षेत्रले कुनै कानूनी कारवाहीको डरविना नागरिक, उपभोक्ता र सेवाग्राहीको अधिकार हनन गर्न वा शोषण गर्न पाइरहेको हुन्छ (सन्दर्भः पृष्ठ १५ को १२ र १४ मा हेर्न सकिन्छ) ।



# सार्वजनिक संस्थाहरु
## PUBLIC INSTITUTIONS



# सार्वजनिक संस्थाहरु





सार्वजनिक संस्थाहरू पनि राज्यको शोषण गर्ने कुरामा निजी सरोकारवाला समूह तथा राजनीतिकर्मीहरुसँग मिलेर काम गर्दछन् । राज्य स्रोतको यस्तो प्रत्यक्ष दोहन निजी क्षेत्र र राज्यको साझेदारी हुने विभिन्न क्षेत्रमा हुने गरेको छ । विशेषगरी लागतको पुनर्मूल्याङ्कन गरेर, बजेटभन्दा बाहिर गई विनियोजन गरेर, खरिद प्रक्रियामा अनुचित खर्च देखाएर, बजेट विनियोजनमा अन्योल सिर्जना गरेर तथा कर प्रशासनसँग साँठगाँठ गरेर यस प्रकारको दोहन गरिन्छ (सन्दर्भः पृष्ठ १५ को १२ र १४ मा हेर्न सकिन्छ) ।

यस प्रकारको भ्रष्टाचार प्राकृतिक स्रोतहरुको उत्खनन र दोहनमा व्याप्त छ । नियमन संयन्त्रलाई कुण्ठित बनाउने, सञ्जालका सदस्यलाई मात्र इजाजतपत्र उपलब्ध गराउने तथा घूस र कमिसन खुवाउने आदि कर्तुतमार्फत राज्यको आयस्रोतको ठूलो हिस्सामा सञ्जालले कब्जा जमाउने गर्छ (सन्दर्भः पृष्ठ १५ को १५ मा हेर्न सकिन्छ) ।




सार्वजनिक संस्थाहरुले भ्रष्टाचारबाट आर्जित धनलाई दलाल, भ्रष्ट राजनीतिकर्मी लगायत सञ्जालका अन्य सदस्यहरुसम्म पु-याउनको लागि सञ्जालमा आबद्ध आफ्ना समतलीय सम्पर्कसूत्रहरुको प्रयोग गर्दछन् । यस्ता दलाल, भ्रष्ट राजनीतिकर्मी लगायतका अन्य सञ्जाल सदस्यहरू नै यस्तो अवैध धनका अन्तिम लाभग्राहीहरू हुन् । यसो गर्दा यस्ता संस्थाहरुलाई आफ्नो बदमासी र दोहनमूलक गतिविधि लुकाउन सजिलो हुन्छ (सन्दर्भः पृष्ठ १७ को १९ मा हेर्न सकिन्छ) ।




भ्रष्टाचारबाट कमाएको धन विदेशमा लुकाउनको लागि सरकारी पदाधिकारीहरू विदेशी ठेकेदारको सहयोग लिन्छन् । यस्ता संदिग्ध विदेशी ठेकेदारसँगको साँठगाँठमा उनीहरू विदेशमा त्यस्तो धन लुकाउन सक्षम हुन्छन् र आम चासो तथा छानबिन नसेलाउँदासम्म पर्खेर बस्दछन् । गैरकानूनी रकम असुल्ने सन्दर्भमा विदेशी ठेकेदारहरुको प्रयोग गर्नु भ्रष्ट सरकारी कर्मचारीहरुको एउटा महत्वपूर्ण रणनीति बन्न पुगेको छ (सन्दर्भः पृष्ठ १५ को १४, पृष्ठ १७ को १९ र पृष्ठ १९ को २१ मा हेर्न सकिन्छ) ।

नियुक्ति Placement | वित्त प्रवाह Flow of Finances | दण्डहीनता Impunity

# राज्यका मूल निकायहरु

# CORE STATE ENTITIES

*नेपालमा विधिको शासन कायम गर्न र नियमन गर्नका लागि जिम्मेवार राज्यका मूल निकायहरूलाई चौर्यतन्त्रीय सञ्जालले राज्यस्रोतको दोहन गर्न र दण्डहीनतालाई प्रश्रय दिनको लागि अस्त्रको रुपमा प्रयोग गर्ने वा कुण्ठित बनाउने गरेको पाइन्छ ।*

*दण्डउन्मुक्ति वा दण्डहीनतालाई संरक्षण दिने सञ्जालमा कानून बनाउने, कानून कार्यान्वयन गर्ने र कानूनको परिपालना गराउने सबै निकायहरू पर्दछन् । यस सञ्जालभित्र संसद, विभिन्न सरकारी मन्त्रालय तथा विभागहरू, न्यायपालिका, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपाल प्रहरी, नेपाली सेना लगायत पर्दछन् । यी निकायहरुको बारेमा तल उल्लेख गरिएको छ ।*

*यहाँ उल्लेख गरिएका निकायहरुमात्र नेपालको चौर्यतन्त्रीय सञ्जालमा रहेका निकायहरू हुन् भन्ने निष्कर्षमा भने पुग्न हुँदैन । सञ्जालको प्रभाव राज्यका यावत् संयन्त्रमा फैलिएको छ । उदाहरणको लागि नेपाल राष्ट्र बैङ्क, महान्यायाधिवक्ताको कार्यालय, आन्तरिक राजस्व विभाग लगायतका थुप्रै अन्य निकायहरूलाई पनि यसमा राख्न सकिन्छ ।*

संसद
**Parliament**

संसदमा आफ्ना सदस्यहरूलाई पदस्थापन गरेर चौर्यतन्त्रीय सञ्जालले संसदीय निगरानीको संयन्त्रलाई निष्प्रभावी बनाई सञ्जालका सदस्यहरूको लागि दण्डउन्मुक्तिको अवसरलाई सुनिश्चित गर्दछ ।

नीतिनिर्माणको तहमा पुग्ने सञ्जालका सदस्यहरूले भ्रष्टाचारबाट लाभ लिनको लागि कार्यकारी विषयमा समेत हस्तक्षेप गर्दछन् । सुपरिवेक्षण गर्ने र नीतिगत निर्देशन दिने बहानामा अन्यत्र जानुपर्ने रकम समेत आफ्नो क्षेत्रमा तान्ने उद्देश्य राखिएको हुन्छ ।

सञ्जालको शक्तिमा विस्तार भइरहेको र यसको क्षेत्रगत साँठगाँठ मजबुत हुँदै गएको कुरालाई संसदभित्र निजी क्षेत्रको बढिरहेको प्रभावले स्पष्ट देखाउँछ । विगतको एक दशकमा ३० भन्दा बढी उच्च व्यावसायिक घरानासँग सम्बन्धित व्यक्तिहरू सांसद बनाइएका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग (अदुअआ)
**Commission for the Investigation of the Abuse of Authority (CIAA)**

“नेपालमा भ्रष्टाचार नियन्त्रण गर्ने” अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मूल उद्देश्यलाई विगत केही दशक यता निष्प्रभावी बनाइएको छ । प्रायः सबैजसो सरकारले संदिग्ध वा आपराधिक पृष्ठभूमि भएका व्यक्तिलाई आयुक्त बनाएर आयोगलाई एउटा अस्त्रको रुपमा प्रयोग गर्ने गरेको वा आयोगको प्रभावकारितालाई कुण्ठित पार्ने गरेको देखिन्छ ।

आयोगको क्षेत्राधिकारलाई घटाएर होस् वा अक्षम, थाकेका वा सञ्जालको सदस्यता लिएका व्यक्तिलाई आयुक्त नियुक्त गरेर होस् वा आयोगमा अनावश्यक मुद्दाको थुप्रो लगाएर नै किन नहोस् आयोगलाई प्रभावहीन बनाइएको छ ।

चौर्यतन्त्रबाट नियतवश आयोगलाई अस्त्रको रुपमा प्रयोग हुने गरेको छ । प्रायः जसो सञ्जालका सदस्यलाई नै आयुक्तमा नियुक्त गरिएको देखिन्छ । उच्च नैतिक आचरणको व्यक्ति नियुक्त हुनुपर्ने प्रमुख आयुक्तको पदमा बदनाम छवि भएका व्यक्तिलाई नियुक्त गरिनु यसको टड्कारो उदाहरण हो ।

यस प्रकारको कपटपूर्ण नियुक्तिको कारणले अदुअआले ठूलाठूला आरोप र मुद्दालाई बेवास्ता गरेर दण्डहीनतालाई मलजल गर्न सक्छ । सेना विरुद्धका भ्रष्टाचारका उजुरीलाई बेवास्ता गर्नुलाई यसको उदाहरणको रुपमा लिन सकिन्छ ।

नेपाली सेना
**Nepal Army**

नेपाली सेनामा संरचनागत वा प्रणालीगत भ्रष्टाचार व्याप्त छ भन्ने धारणा बलियो हुँदै गएको देखिन्छ । त्यहाँ हुने भ्रष्टाचारको अनुपातलाई हेर्दा यो देशको शासन व्यवस्था र राष्ट्रिय सुरक्षा व्यवस्थाको लागि समेत चिन्ताको विषय हुन थालेको आकलन गर्न सकिन्छ । सेनामा हुने भ्रष्टाचार अत्यन्त केन्द्रिकृत स्वरुपको रहेको छ । यस्तो अनधिकृत काम कारवाही सेनाको मुख्यालय मार्फत मात्र सम्भव हुने देखिन्छ ।

आर्थिक अनियमितता र व्यापारिक आयोजनाको माध्यमबाट सेना अवैध धन दोहनमा संलग्न हुँदै आएको छ । मेडिकल र नर्सिङ कलेज सञ्चालन, घरजग्गा कारोबार, पेट्रोलियम पदार्थको खुद्रा बिक्री वितरण, सैनिक कल्याणकारी कोषको नाफामूलक लगानी जस्ता काम यसका केही उदाहरणहरू हुन् । सेनाले विमानस्थल निर्माण, सडक निर्माण जस्ता सरकारी ‘विकास निर्माण’ को कामको ठेक्का समेत हात पार्दै आएको छ ।

सरकार र राजनीतिकर्मीहरु मार्फत प्राप्त गरिने बजेट इतरको रकम विनियोजन सेनाको लागि अवैध धन दोहनको प्रमुख स्रोत हो । सेनाले आफूले सञ्चालन गर्ने भनी जिम्मा लिएको सार्वजनिक निर्माणको काम निजी कम्पनीलाई उपठेक्का (Sub-contract) मा दिएर लागत खर्चभन्दा बढी खर्च देखाएर बचेको रकम हात पार्ने र बाँडचुँड गर्ने अनुचित प्रवृत्ति पनि रहेको देखिन्छ ।

नेपाल प्रहरी
**Nepal Police**

चौर्यतन्त्रीय सञ्जालमा नेपाल प्रहरीले मुख्य रुपमा दुई प्रकारको भूमिका खेलेको पाइन्छ : पहिलो, कानून कार्यान्वयन अधिकारीको रुपमा उनीहरुले विशेषगरी सञ्जालका तल्लो तहका भ्रष्ट अधिकारीहरुलाई दण्डउन्मुक्तिको अवसर प्रदान गर्दछन् र दोस्रो, नागरिक र स्थानीय समुदायको निकट सम्पर्कमा रहने भएकोले उनीहरूलाई घूस र ठेकेदारमार्फत गरिने खरिद जस्ता अतिरिक्त आम्दानीको स्रोत पनि उपलब्ध रहको हुन्छ ।

राजनीतिक दल र निजी दलालको हस्तक्षेपको कारणले प्रहरी संगठनमा भ्रष्टाचार मौलाएको छ । पैसा खान पाएपछि व्यापारिक क्षेत्रबाट हुने प्राकृतिक स्रोतको अवैध दोहन, तस्करी तथा नागरिकको शोषण जस्ता अनुचित क्रियाकलापलाई नजरअन्दाज गर्ने प्रवृत्ति प्रहरी संगठनमा देखिन्छ ।

सार्वजनिक खरिदसम्बन्धी नियमकानूनको उल्लंघन, वस्तु ढुवानीमा नक्कली बिलबिजकको प्रयोग, विपतको बेलामा राहत सामग्री खरिद गर्दा रकमको दुरुपयोग, प्रहरी प्रतिवेदन सिफारिसमा हुने अनियमितता र फौजदारी मुद्दाका अभियुक्तसँग लिइने घूस प्रहरी संगठनमा हुने अनियमितता र भ्रष्टाचारका केही उदाहरणहरू हुन् ।

मन्त्रालय र विभागहरु
Ministries and Departments

सञ्जालले अवैध अर्थोपार्जन गर्ने मुख्य ठाउँहरूमा नेताहरूको मातहतमा रहने मन्त्रालय तथा विभागहरू पनि पर्दछन् । मन्त्रालयको अधिकारक्षेत्रभित्र पर्ने नियमन कार्य र सेवा प्रवाहसम्बन्धी दुईवटा महत्वपूर्ण कामलाई सञ्जालका सदस्यहरूले अर्थोपार्जन गर्न र त्यस्तो धनलाई तल्लो तहसम्म पु-याउन प्रयोग गर्दछन् । प्राकृतिक स्रोतको अवैध दोहन, घूस लेनदेन र स्थानीय तहमा गरिने कर संकलनको माध्यमबाट यस्तो धन संकलन गरिन्छ ।

आन्तरिक राजस्व कार्यालय जस्तो कर उठाउने र करको व्यवस्थापन गर्ने सरकारी निकायमा राजनीतिकर्मी, निजी क्षेत्र तथा सरकारी कर्मचारी बीचको साँठगाँठ स्पष्ट देख्न सकिन्छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सञ्जालको लागि पैसा कमाउने एउटा आकर्षक स्रोत बनेको छ । उच्च सरकारी अधिकारी तथा ठेकेदारबीचको मिलेमतोमा मिलाइने ठेक्काको चाँजोपाँजोले प्रतिस्पर्धालाई निरुत्साहित गरी केही सीमित ठेकेदारलाई मात्र अनुचित रुपमा लाभान्वित बनाउने गरेको छ । ठेक्काको लागतलाई कहिँ कहिँ त दुई गुणासम्म पनि बढाएको पाइन्छ ।

भ्रष्टाचारले गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र यस मातहतका नेपाल स्वास्थ्य परिषद् जस्ता व्यावसायिक र संस्थागत परिषद् मार्फत गरिने स्वास्थ्य क्षेत्रको नियमन र सेवा प्रवाह पूरै विकृत र निष्प्रभावी हुन पुगेको छ । अनावश्यक औषधि र उपकरण खरिद तथा ठेकेदारहरूसँग हुने साँठगाँठले गर्दा सरकारी धन व्यक्तिको निजी खल्तीमा पुगिरहेको छ ।

शिक्षा मन्त्रालयले राष्ट्रिय बजेटको सबैभन्दा ठूलो भाग खर्च गर्ने गरेको छ (आर्थिक वर्ष २०७४/०७५ मा कूल बजेटको १७ प्रतिशत) । यो बजेट विनियोजनमा प्रायः अनियमितता हुने गरेको छ । उदाहरणको लागि, पाठ्यपुस्तकको नक्कली लगत र नक्कली विद्यालय (झोले विद्यालय) को विवरणलाई लिन सकिन्छ जुन कागजी अभिलेखमा मात्र देखाइने गरिएको छ । यसैबीच संसदमा निजी क्षेत्रको बढ्दो प्रभावले गर्दा निजी क्षेत्रका शैक्षिक संस्थाहरू नियमन र अनुगमनबाट उम्कने गरेका छन् ।

नेपालमा विप्रेषणमुखी अर्थतन्त्रको विकासले गर्दा श्रम क्षेत्रमा अनियन्त्रित कारोबारले प्रश्रय पाएको छ । श्रम, रोजगारी तथा सामाजिक सुरक्षा मन्त्रालयले निजी क्षेत्रलाई ठगी, जालसाजी र शोषणयुक्त श्रम आपूर्तिको लागि छुट दिएको जस्तो देखिन्छ । उदाहरणको लागि वैदेशिक रोजगार महाशाखा जस्तो वैदेशिक रोजगारीको व्यवस्थालाई नियमन तथा अनुगमन गर्ने एकछत्र अधिकार पाएको निकायले पनि वैदेशिक रोजगारदाताको छनोट प्रक्रियाको अनुगमन गर्न, भरपर्दो अभिलेख राख्ने व्यवस्था गर्न र म्यानपावर एजेन्सीहरूको उत्तरदायित्वलाई सुनिश्चित गर्न गराउन सकेको छैन ।

न्यायपालिका
Judiciary

नेपालमा कर्मचारीतन्त्रमा व्याप्त भ्रष्टाचार राजनीतिक तथा नीतिनिर्माण तहमा समेत सरेकोले गर्दा न्यायपालिका पनि भ्रष्टाचारको यो सञ्जालमा जोडिन आएको छ । बर्खास्त गर्ने, महाभियोग लगाउने र राजिनामाको लागि करकाप गर्ने जस्ता दबाब र धम्कीपूर्ण तरिकाबाट राजनीतिक दलहरूले न्यायाधीशहरूलाई नियन्त्रणमा राखी उनीहरूको वफादारी प्राप्त गर्ने गर्दछन् ।


राजनीतिक तथा आर्थिक स्वार्थबाट अभिप्रेरित भएर कानून व्यवसायीहरू, बिचौलियाहरू र प्रशासकीय कर्मचारीहरूले राजनीतिक सम्बन्ध, आर्थिक कारोबार वा प्रक्रियागत हेराफेरीबाट फैसला र न्यायिक निर्णयलाई प्रभाव पार्ने गरेका छन् । आफ्नो मुद्दा अनुकूल हुने न्यायाधीश तोकेर ('इजलास खरिद' भनिने माध्यमबाट) अदालतले चौर्यतन्त्रीय सञ्जालका सदस्यहरूलाई संरक्षण प्रदान गर्दछ । त्यसबाहेक प्रायः मुद्दा नियतवश रुपमा ढिलो गराउने, यस साँठगाँठमा संलग्न अदालतका कर्मचारीलाई प्रयोग गरेर मुद्दाको मिसिल चोरी गर्ने वा मिसिल लुकाउने काम पनि हुने गरेको छ ।

विवादास्पद आदेश दिएको, भ्रष्टाचारको अभियोग ठहर भएका कर्मचारीको फैसला उल्टाएको र राजस्व छली गर्ने अन्तर्राष्ट्रिय कम्पनीहरूलाई मुनाफा घर लैजान सक्ने आदेश जारी गरेको कारणले सर्वोच्च अदालत पनि पटक पटक विवादमा तानिएको छ ।

तल्लो तहका अदालतहरूमा भ्रष्टाचारको अवस्था झन् विकराल छ । उदाहरणको लागि अदालतले तस्कर वा अपराधीहरूलाई कसूरदार ठहराउन अस्वीकार गर्ने गरेको वा उनीहरूको सजाय उल्लेखनीय मात्रामा घटाउने गरेको भनी प्रहरी केन्द्रीय अनुसन्धान ब्यूरोले गर्ने गरेको गुनासोलाई लिन सकिन्छ ।

# निजी क्षेत्र


## PRIVATE SECTOR



# निजी क्षेत्र

*नेपालमा भ्रष्टाचार र दण्डहीनताको प्रमुख सञ्जालकको रुपमा निजी क्षेत्र अग्रपंक्तिमा रहेको छ । चौर्यतन्त्रीय सञ्जालभित्र यसको प्रमुख भूमिका सरकारको नियमनकारी निकायको काम र नीतिलाई विकृत पार्नु, आम्दानीका प्रमुख स्रोतहरूमाथि कब्जा गरेर कालो धनलाई सेतो बनाउनु र गैरकानूनी असुली प्रणालीलाई बढावा दिनु हो ।*

*निजी क्षेत्रभित्र सरकारी राजस्वका महत्वपूर्ण स्रोतहरूको शोषण गर्ने ठेकेदारहरू, व्यापारिक समूहहरू, प्रतिस्पर्धा विरोधी जमात र गैरकानूनी आर्थिक कारोबारलाई सहजीकरण गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सेवा प्रदायकहरू पर्दछन् ।*





निजी क्षेत्रका पात्रहरू तथा प्रतिनिधि पुँजीपतिहरू (Proxy capitalists) सरकारी कर्मचारीलाई घूस खुवाएर उनीहरूलाई नीतिगत भ्रष्टाचारमा सहभागी गराउँछन् । यी पात्रहरूले ठेक्कापट्टा दिलाए बापत, कर छल्न सघाए बापत वा इजाजतपत्र (लाइसेन्स) उपलब्ध गराए बापत उनीहरूलाई कमिशन वा नजराना चढाउँछन् (सन्दर्भः पृष्ठ ९ को ८ मा हेर्न सकिन्छ) ।

निजी क्षेत्रका पात्रहरूले निर्वाचनमा आफ्ना उम्मेदवारलाई उठाउनको लागि पैसा खर्च गर्छन् । सार्वजनिक निकायमा आफ्ना कर्मचारीको भर्ती गर्न र कर्मचारीहरूको सरुवाबढुवामा समेत उनीहरूले पैसा लगाउने गरेको देखिन्छ । यस्तो प्रचलन प्रहरी, सार्वजनिक संस्थान र राम्रो आम्दानी हुने सरकारी निकायमा समेत व्याप्त छ (सन्दर्भः पृष्ठ ५ को ४ र पृष्ठ ७ को ५ मा हेर्न सकिन्छ) ।

निजी क्षेत्रबाट हुने घूस र कमिशनको खेल विप्रेषण, टेलिकम, बैंकिङ्, वित्त, बीमा, घरजग्गा कारोबार, शिक्षा, स्वास्थ्य, यातायात र प्राकृतिक स्रोत दोहनको क्षेत्र लगायत ठूलो आर्थिक कारोबार हुने सबै ठाउँमा व्याप्त छ । पूर्वाधार निर्माणको काममा र त्यसमा पनि खास गरेर सडक निर्माणमा संलग्न ठेकेदारहरू चौर्यतन्त्रीय सञ्जालभित्र निजी क्षेत्रका मुख्य पात्रको रुपमा चिनिएका छन् ।

गैरकानूनी रुपमा इजाजतपत्र प्राप्त गर्न वा आफ्नो अवैध धन्दा निर्बाध रुपमा जारी राख्न सरकारी–निजी सम्पर्कसूत्र महत्वपूर्ण हुन्छ । स्पष्टतः प्रत्यक्ष नियमनकारी निकायको हैसियतमा रहेको प्रहरीको भूमिका यस सञ्जालमा निकै महत्वपूर्ण हुन्छ जसले यस्तो दोहनप्रति आँखा चिम्लिएर दोहनलाई सहज बनाइदिने गरेको देखिन्छ (सन्दर्भः पृष्ठ ९ को ७ मा हेर्न सकिन्छ) ।

यस्तो सरकारी–निजी सम्बन्ध वस्तु विक्री र सेवामूलक व्यवसायबाट कर छल्नको लागि उपयोग गरिन्छ । कर फर्च्यौट आयोग जस्ता राजस्व प्रशासनका निकायहरूको कामकर्तव्यलाई विकृत बनाएर, न्यून बिजकीकरण गरेर वा कर अधिकृतसँगको साँठगाँठमा कर छली गरेर राज्यलाई आर्थिक रुपमा ठग्ने उद्देश्य पूरा गरिन्छ (सन्दर्भः पृष्ठ ११ को ९ मा हेर्न सकिन्छ) ।




नियामक निकाय र बजेट विनियोजन प्रक्रिया दुवै क्षेत्रमा आफ्नो नियन्त्रण कायम गरी आफ्नो इच्छाअनुसार परिचालन गर्ने उद्देश्यले निजी क्षेत्रका प्रमुख पात्रहरू आफैं राजनीतिमा प्रवेश गरेका छन् । प्रभावशाली व्यापारिक व्यक्तिहरूले आफै निर्वाचन लडेर वा समानुपातिक प्रतिनिधित्वको कोटाबाट राजनीतिक पद प्राप्त गरेका छन् (सन्दर्भः पृष्ठ ५ को १, पृष्ठ ७ को ६ र पृष्ठ १७ को १६ मा हेर्न सकिन्छ) ।




निजी क्षेत्रले सेतुको काम गर्दछ जसको माध्यमबाट सरकारी पदाधिकारी र राजनीतिक नेताहरुले सरकारी धन सजिलै हत्याउँदछन् । उदाहरणको लागि, सार्वजनिक खरिदको व्यवस्था सरकारी रकम अपचलनको लागि एउटा प्रमुख माध्यम हुन गएको छ (सन्दर्भः पृष्ठ ११ को ९ मा हेर्न सकिन्छ) ।


यहाँ द्रष्टव्य के छ भने कतिपय अन्तर्राष्ट्रिय संस्थाहरू नै ठूला ठेकेदारहरूको भूमिकामा रहेका देखिन्छन् । अन्तर्राष्ट्रिय ठेकेदारहरूलाई प्रयोग गर्दा अवैध धनको कारोबारको सूत्र पत्ता लगाउन कठिन हुने भएकोले चौर्यतन्त्रका निजी पात्रहरू यस्ता ठेकेदारहरूलाई उपयोग गर्न रुचाउँछन् (सन्दर्भः पृष्ठ ११ को ११ मा हेर्न सकिन्छ) ।




निजी क्षेत्रका पात्रहरूले सरकारबाट नियमन गरिने वा अनुमति प्राप्त गर्नुपर्ने प्राकृतिक स्रोतको दोहनमा तथा अन्य आकर्षक व्यापारिक अवसर हात पार्नमा आफ्ना शंकास्पद राजनीतिक सम्बन्धलाई प्रयोग गर्दछन् । (सन्दर्भः पृष्ठ ११ को ९ मा हेर्न सकिन्छ) ।


नियुक्ति Placement | वित्त प्रवाह Flow of Finances | दण्डहीनता Impunity

# निजी दलालहरु
## PRIVATE BROKERS




# निजी दलालहरु


*प्रायः शक्तिशाली व्यापारीहरू नै दलालको भूमिकामा रहेका छन् । माथिल्लो तहका राजनीतिक व्यक्तिहरूसँग निकट रहेर चौर्यतन्त्रीय सञ्जाल परिचालन गर्ने यिनीहरू नै हुन् । यिनीहरूले सञ्जालको प्रमुख पदहरूमा व्यक्तिहरूको नियुक्ति गर्ने, विभिन्न पात्रहरूको बीचमा अन्तर्क्रिया गराउने, उपसञ्जालसँग सम्पर्क कायम गर्ने र पैसाको परिचालन गर्ने गर्दछन् । मुख्य रुपमा यिनीहरूले दण्डउन्मुक्तिको अवसरलाई तल्लो तहसम्म र धनको प्रवाहलाई माथिल्लो तहसम्म लैजाने कुरालाई सुनिश्चित गर्दछन् ।*




सञ्जाल निर्माणमा यस्ता दलालको मुख्य भूमिका रहेको हुन्छ । यिनीहरूले सम्बन्धित सरकारी र निजी क्षेत्रमा सञ्जालका सदस्यहरूलाई नियुक्त गर्दछन् (सन्दर्भः पृष्ठ ५ को १, पृष्ठ ९ को ६ र पृष्ठ १५ को १३ मा हेर्न सकिन्छ) । यसले चौर्यतन्त्रीय सञ्जाल सञ्चालनको लागि आवश्यक पर्ने रकम संकलन गर्ने बाटो खुला गर्दछ (सन्दर्भः पृष्ठ ९ को ८, पृष्ठ ११ को ९, पृष्ठ १५ को १२, १४ र १५ मा हेर्न सकिन्छ) ।




दलालहरूले राजनीतिक दल, कर्मचारीतन्त्र, निजी क्षेत्र र राज्यका अंगहरूमा छरिएको आफ्नो सञ्जालको फाइदा उठाउँदै सञ्जालका सदस्यहरूलाई दण्डउन्मुक्ति दिलाउने काम समेत गर्दछन् (सन्दर्भः पृष्ठ ५ को २ र पृष्ठ ९ को ७ मा हेर्न सकिन्छ) । न्यायपालिका र भ्रष्टाचार निवारणसँग सम्बन्धित संस्था लगायतका कानूनी निकायहरूमा रहेको आफ्नो प्रभावलाई उपयोग गरेर उनीहरू गैरकानूनी क्रियाकलापलाई दण्डित गर्ने कानूनी प्रावधानलाई समेत निष्प्रभावी बनाउन सक्छन् ।




दलालहरूले नै राजनीतिक नेताहरूको अर्थिक कारोबारलाई सम्हाल्छन् । प्रायः सबै ठूला नेतासँग यस्ता दलाल जोडिएका हुन्छन् जसले यस्ता नेतालाई भ्रष्टाचार गर्न, अवैध रुपमा आर्जित सम्पत्तिको व्यवस्थापन गर्न र अवैध आम्दानीलाई सञ्जालको माथिल्लो तहसम्म लैजान सघाउँछन् ।


राजनीतिक नियुक्तिको ठेक्का लिएर, नीतिगत हस्तक्षेप गरेर, अनुमतिपत्र वा इजाजतपत्र बेचेर, करको दायरालाई साँधु-याएर तथा दण्डउन्मुक्ति र संरक्षण प्रदान गरेर उनीहरूले धन संकलन गर्दछन् । यस्तो धन राजनीतिक नेताहरू र निजी क्षेत्रका पात्रहरूसम्म पु-याईन्छ (सन्दर्भः पृष्ठ ५ को ४, पृष्ठ ७ को ५ र पृष्ठ १५ को १४ र १५ मा हेर्न सकिन्छ) ।




देशबाहिर रहेका अन्तर्राष्ट्रिय सेवा प्रदायकहरूसम्म रकम लैजाने काममा दलालहरूको भूमिका महत्वपूर्ण रहेको हुन्छ । दलालहरूले सम्पत्ति शुद्धीकरणका आधुनिक उपायहरू अपनाएर अवैध धनलाई लुकाउने, मिसाउने, एकीकृत गर्ने कामको संयोजन गर्दछन् र कालो धनलाई प्रत्यक्ष वैदेशिक लगानी जस्तो वैध मार्ग मार्फत पुनः औपचारिक प्रणालीमा प्रवेश गराउँछन् (सन्दर्भः पृष्ठ ११ को १० र ११, पृष्ठ १५ को १४ र पृष्ठ १९ को २० र २१ मा हेर्न सकिन्छ) ।


नियुक्ति Placement
वित्त प्रवाह Flow of Finances
दण्डहीनता Impunity

# आपराधिक तत्त्वहरु
## CRIMINAL ELEMENTS



# आपराधिक तत्त्वहरु

*आपराधिक तत्त्वहरू निजी क्षेत्रको कारोबारमा भित्री तहसम्म गाँसिएका हुन्छन् । मुख्य रुपमा यस्ता पात्रहरू सुन तस्करी, लागूऔषध ओसार पसार, मानव बेचबिखन र प्रतिबन्धित वस्तुको तस्करी, निर्माण कार्यको ठेक्का र विकास परियोजनाबाट जबर्जस्ती रकम असूली तथा प्राकृतिक स्रोतको गैरकानूनी दोहन एवं सम्पत्ति शुद्धीकरण र गैरकानूनी धनको व्यवस्थापन गर्ने काममा लागेका हुन्छन् ।*




सेवा प्रदायकको रुपमा आपराधिक पात्रहरूले पुँजी (नगद, सुन वा विप्रेषणको स्वरुपमा) पलायनमा सघाउँछन् र घरजग्गाको कारोबार, शेयर खरिद बिक्री र रेष्टुराँ तथा रात्रि क्लब जस्ता मनोरञ्जनजन्य व्यवसाय आदिको माध्यमबाट कालो धनलाई सेतो बनाउँछन् ।

यी पात्रहरूले एटिएम कार्डको प्रयोग, सहकारी संस्थासँगको कारोबार, घरजग्गाको कारोबार, हतियारको व्यापार, क्यासिनो व्यवसाय र रेष्टुराँ सञ्चालन आदि मार्फत सञ्जालको सम्पत्ति शुद्धीकरण गर्ने कार्यको संयोजन गर्दछन् । यसको अतिरिक्त औपचारिक बैंकिङ्ग र वित्तीय क्षेत्रमा रहेको शंकास्पद आर्थिक कारोबारलाई नजरअन्दाज गर्ने प्रवृत्तिले गर्दा ती संस्थाहरु पनि भ्रष्टाचार संयन्त्रको अङ्ग बन्न पुगेको देखिन्छ (सन्दर्भः पृष्ठ १७ को १९ मा हेर्न सकिन्छ) ।





नेपालमा सम्पत्ति शुद्धीकरण गतिविधिको एउटा अन्तर्राष्ट्रिय आयाम पनि रहेको छ । अन्तर्राष्ट्रिय सेवा प्रदायकहरूले अवैध धनलाई बाह्य देशमा पु-याउन सघाउँछन् । त्यहाँ त्यस्तो धनलाई केही समय राखी स्थिति मत्थर भएपछि ती सेवा प्रदायकहरूले प्रत्यक्ष वैदेशिक लगानीको आवरणमा त्यस्तो धनलाई पुनः देशभित्रै फर्काउँछन् (सन्दर्भः पृष्ठ ११ को ११, पृष्ठ १५ को १४ र पृष्ठ १७ को १९ मा हेर्न सकिन्छ) ।

नियुक्ति Placement | वित्त प्रवाह Flow of Finances | दण्डहीनता Impunity


# विदेशी सरकार र अन्तर्राष्ट्रिय दाताहरु

# FOREIGN GOVERNMENTS AND INTERNATIONAL DONORS



# विदेशी सरकार र अन्तर्राष्ट्रिय दाताहरु

*चौर्यतन्त्रको गतिविधिलाई वृहद् रुपमा बुझ्ने हो भने त्यसभित्र विदेशी सरकार र अन्तर्राष्ट्रिय दाताको संलग्नता पनि स्पष्ट देखिन्छ किनभने सञ्जालले अवैध धन दोहनको लागि आफ्नो रणनीतिमा परिवर्तन गर्दै परम्परागत विकास सहायता लगायत अन्तर्राष्ट्रिय सहयोग र प्रत्यक्ष वैदेशिक लगानीमा केन्द्रित रणनीतिलाई बढीभन्दा बढी अपनाउन थालेका छन् ।*




परम्परागत रुपमा प्राप्त हुँदै आएको विकास सहयोगले सरकारी खर्चमा हुने अनियमिततालाई नजरअन्दाज गर्ने (जस्तै सरकारी धनलाई अपारदर्शी क्षेत्रतिर लगाउन सक्ने अवसर दिएर) र कार्यान्वयन गर्ने साझेदार निकाय र तिनका निजी क्षेत्रका साझेदारहरुको गतिविधिहरुमाथि नियन्त्रण कायम गर्न नसक्ने हुनाले त्यसले पनि भ्रष्टाचारलाई बढावा दिइरहेको छ । कार्यान्वयन गर्ने साझेदार निकाय र तिनका निजी क्षेत्रका साझेदारहरु दुवै प्रायः सञ्जालबाट नियन्त्रित हुन्छन् । यसको अतिरिक्त सरकारमा रहेका सञ्जालका सदस्यहरुले प्रायः विकास सहयोग सम्बन्धी सम्झौताहरुमा विदेशी सरकार तथा अन्तर्राष्ट्रिय दातृ निकायको अनुगमन गर्न सक्ने अधिकारलाई सीमित बनाएर आफू उपरको छानबिनको सम्भावनालाई पन्छाउने गरेको पाइन्छ ।

विदेशी सरकारहरुले नेपालको विकासमा अवश्य सहयोग गरेका छन् । तर तिनले चौर्यतन्त्रीय सञ्जालका सदस्यहरुलाई आश्रय पनि दिएका छन् जसले तस्करी लगायत धनको अवैध सञ्चालन गर्न (मुख्यतया सम्पत्ति शुद्धिकरणका उपाय मार्फत) तथा राजनीतिक वृत्तमा लगानी गर्नमा तिनलाई सघाउने गरेका छन् (सन्दर्भः पृष्ठ ५ को ४ मा हेर्न सकिन्छ) ।

niti
FOUNDATION
www.nitifoundation.org

niti
FOUNDATION

www.nitifoundation.org
घर नम्बरः ६८, दरबार मार्ग, नक्साल भगवती बहाल, काठमाडौं, नेपाल